लेखापरीक्षण प्रतिवेदन

मध्यविन्दु नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय
महालेखापरीक्ष्कको कार्यालय
काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मध्यविन्दु नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/477

श्रीमान नगर प्रमुखज्यू,
मध्यविन्दु नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/477

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान नगरप्रमुख ज्यू ,

मध्यविन्दु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस नगरपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ८० लाख ७१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.२ करोड ६ लाख ८ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु.७ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३१ लाख १५ हजार, नियमित गर्नुपर्ने रु.१७ लाख ३७ हजार र पेश्की बाँकी रु.१९ लाख ९ हजार गरी जम्मा रु.७४ लाख ६२ हजारबाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.९ करोड ५५ लाख २ हजारमध्ये रु. ३ करोड ६२ लाख ९७ हजार फस्र्यौट भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.६ करोड ६६ लाख ६७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा-लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तताप्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारीलेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७०	२१	२,८०,७१,८१३	१	२	२,०६,०८,९५८	०	६९	१९	७४,६२,८५५	७,००,०००	१७,३७,९४०	३१,१५,५४०	०	०	४८,५३,४८०	१९,०९,३७६

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी बर्दघाट सुस्ता पूर्व	९,५५,०२,०७२	०	३,६२,९७,२३५	५,९२,०४,८३७	०	७४,६२,८५५	६,६६,६७,६९२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको			
१	२०८१/८२	राजश्व बाँडफाँड	२,०५,८५,७७४
२	२०८१/८२	कवाडी ठेक्का	२३,१८४
३	२०८१/८२	आयोगको परामर्श	०
		जम्मा	**२,०६,०८,९५८**
गत विगत आर्थिक वर्षहरूको संपरीक्षण			

४	२०८०/८१	स्वास्थ्य तर्फका कर्मचारीको तलब भत्ता भुक्तानी	४०,१४,९९९
५	२०८०/८१	स्वास्थ्यकर्मीको यातायात खर्च	१,६३,७५०
६	२०८०/८१	सामग्री उपयोग	११,४१,१७५
७	२०८०/८१	संघीय कार्यालय अनुदान	२,०७,५००
८	२०८०/८१	वार्षिक मर्मत शुल्क	२,२६,०००
९	२०८०/८१	मध्यविन्दु कप फुटबल	३,२०,०००
१०	२०८०/८१	बेस र प्राईम गरेर छाडेको	११,९७,२३२
११	२०८०/८१	बढी मौज्दातको राजस्वः	२५,०९,७५२
१२	२०८०/८१	प्राविधिकलाई दोहोरो हुने गरी अनुगमन भत्ता भुक्तानीः	१,६५,७५०
१३	२०८०/८१	पेश्की रकममा मुल्य बृद्धि भुक्तानी	१,९५,७७१
१४	२०८०/८१	पूर्व निर्धारित क्षतिपूर्ति	६८,०९९
१५	२०८०/८१	नगरपालिका तर्फ बढी व्ययभार	१६,६२,२६३
१६	२०८०/८१	दूधमा अनुदान	४२,२०,७८३
१७	२०८०/८१	दिवा खाजाः	३८,४६०
१८	२०८०/८१	तालिम र कार्यक्रम खर्च	१२,१७,७६०
१९	२०८०/८१	ढिला बीमा गरेको	२,९०,८८७
२०	२०८०/८१	कृषि एम्बुलेन्स अनुदान	१५,५०,०००
२१	२०८०/८१	आय बक्यौता	१८,२५,०००
२२	२०८०/८१	अनुदानको अनुगमन	८,००,०००
२३	२०७९/८०	संघिय सरकार पूजिगत - विपन्न समुदायको (घर सुधार कार्यक्रम) सुरक्षीत आवास कार्यक्रम	१०,७०,०००
२४	२०७९/८०	विद्युतको जरीवाना भुक्तानी	३५,८२२
२५	२०७९/८०	बढी संख्यामा वैठक भत्ता	८,५००
२६	२०७९/८०	दुधमा अनुदान	५१,१६,३०८
२७	२०७९/८०	आन्तरिक लेखापरीक्षणबाट देखिएका नियमित गर्नुपर्ने बेरूजु	१,२५,४२३
२८	२०७८/७९	सिधै खरिद	२७,४०,५७२
२९	२०७८/७९	विज्ञापनमा छुट/ सहुलियत नलिई थप व्ययभार पारेको	६४,३५०

३०	२०७८/७९	भर्पाई प्रमाण वेगरको खर्च	५,००,०००
३१	२०७८/७९	बढी दरमा खरिद	५५,७०५
३२	२०७८/७९	खर्चको मापदण्ड	१,५२,०००
३३	२०७८/७९	करारलाई महँगी भत्ता	२२,०८,०००
३४	२०७८/७९	अनुत्पादक तथा वितरणमुखी खर्च	५,००,७५०
३५	०७३/०७४	भवन निर्माण गर्न डिजाइन, बिओक्यु तयार गर्न भएको खर्च सूचना प्रकाशन नगरी सोझै गरिएको	९,८३,१००
३६	०७४/०७५	आय फिर्ता	४,२१,५२४
३७	०७४/०७५	वडा नं ८ भित्रका विभिन्न बाटोमा खोलाको गिट्टी बिछ्याउने कार्यमा चेनेज पहिचान नगरी काम गरेको	५,००,०००
	जम्मा		**३,६२,९७,२३५**
कुल जम्मा			**५,६९,०६,१९३**

मध्यविन्दु नगरपालिका, नवलपुर

(८०४४६४०४३००)

मध्यबिन्दु नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १५ वडा रहेको छ भने क्षेत्रफल २३३.३५ वर्ग किलोमिटर तथा जनसंख्या ६१०९१ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२४ देखि २०८२।७।२८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार समेततर्फ रु. २ अर्ब ३९ करोड ६१ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन देहायबमोजिम रहेको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		१४००७२९७३.१	चालु खर्च		५३५३८९४७७.८४
१. सञ्चित कोष	१११६५००४०.१७		१. पालिका तर्फ	२१६६७४७६०.८	
२.धरौटी	१९९१३४६७.९५		२. संघीय सशर्त	३१८७१४७१७.०४	
३.कार्यसञ्चालन कोष	८५०९४६४.९८		३. संघीय विशेष	०	
४. अन्य कोष	०		४. प्रदेश सशर्त	०	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	१२४६४०९२५.९	१२४६४०९२५.९	पुँजीगत खर्च		३५९०६८०१५.२४
२. वित्तीय हस्तान्तरण (संघ)		७२३२८५२२८.९३	१. पालिका तर्फ	२५५२५१११५६.२४	
क) समानीकरण अनुदान	१३९९३४०००		२. संघीय सशर्त	५९८१६८५९	
ख) राजस्व बाँडफाँट	१२८७३९०९१.३९		३. संघीय विशेष	२६००००००	
ग) सशर्त अनुदान	४०८०५७११०		४. संघीय समपूरक	१३००००००	
घ) समपूरक अनुदान	१३००००००		५. प्रदेश सशर्त	०	
ङ) विशेष अनुदान	२६००००००		६. प्रदेश विशेष	०	
च) रोयल्टी	७५५५०२७.५४		७. प्रदेश समपूरक	५००००००	
छ) अन्य	०		अन्तर सरकारी अख्तियारी (संघ)		२६८३३०४८७.६४
३. वित्तीय हस्तान्तरण (प्रदेश)		४८२५१८१८.९२	क) सामाजिक सुरक्षा	२६१८९०४८७.६४	

क) समानीकरण अनुदान	२०९६१०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६४४००००	
ख) राजस्व बाँडफाँट	१४२९०८१८.९२		………….		
ग) सशर्त अनुदान	०		अन्तर सरकारी अख्तियारी (प्रदेश)	४८०५६३८	४८०५६३८
घ) समपुरक अनुदान	५००००००		ऋण फिर्ता (साँवा)	०	०
ङ) विशेष अनुदान	०		ऋणको ब्याज भुक्तानी	०	०
च) रोयल्टी	०		धरौटी फिर्ता तथा सदर स्याहा	७५९२६३५	७५९२६३५
छ) अन्य	०		कार्यसञ्चालन कोषबाट भएको खर्च	८११८५९८	८११८५९८
४. अन्तर सरकारी अख्तियारी (संघ)		२६८३३०४८७.६४	अन्य कोषबाट भएको खर्च	०	०
क) सामाजिक सुरक्षा	२६१८९०४८७.६४		गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६४४००००		अन्य सहयोगमा सञ्चालित योजना	०	०
………….			अन्य खर्च भएमा	०	०
५. अन्तर सरकारी अख्तियारी (प्रदेश) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	४८०५६३८	४८०५६३८	अनुदान फिर्ता		०
६. ऋण/ वित्तीय व्यवस्था	०	०	१. संघ तर्फ		२९५२५५३३.९६
७. धरौटी आय	१४००३८५३	१४००३८५३	क) सशर्त अनुदान	२९५२५५३३.९६	

८. कार्यसञ्चालन कोष आय	८०४८८२२.८३	८०४८८२२.८३	ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय	०	०	ग) समपूरक अनुदान	०	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०	२. प्रदेश तर्फ	०	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	०	क) सशर्त अनुदान	०	
१२. अन्य आय भएमा	०	०	ख) विशेष अनुदान	०	
			ग) समपूरक अनुदान	०	
			अन्तिम मौज्दात		११०६०९३६२.६४
			१. सञ्चित कोषको मौज्दात	७५८४४९८६.८८	
			२. धरौटी	२६३२४६८५.९५	
			३. कार्यसञ्चालन कोष	८४३९६८९.८१	
			४. अन्यकोष	०	
जम्मा		१३२३४३९७४८.३२	जम्मा		१३२३४३९७४८.३२

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)बाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७० अनुसूचीमा संलग्न छ ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको वित्तीय प्रतिवेदन अनुसार आ.व. २०८०।८१ को अन्त्यमा रु.११,१६,५०,०४०।१७ मौज्दात बाँकी देखाएकोमा धरौटी रु. १,९९,१३,४६७।९५ र कार्यसञ्चालन कोषको रु.८५,०९,४६४।९८ समेत जम्मा रु. २,८४,२२,९३२।९३ मौज्दात रकम गत वर्षको वित्तीय विवरणमा समावेश नभएकोले गत वर्षको बाँकी मौज्दात भन्दा रु. २,८४,२२,९३२।९३ बढी जिम्मेवारी देखिएको छ ।

२.३ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।

पालिकाले पेस गरेको बैङ्क तथा स्रेस्ता अनुसारको बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता (४-ग-१)	७५८४४९८६।८८	७५८४४९८६।८८	०
विविध खर्च खाता (ग-२-७)	६१७९१६।८१	६१७९१६।८१	०
विपद व्यवस्थापन खाता (ग-७-२)	१६८०८७६	१६८०८७६	०
स्थानीय विभाज्य कोष			
कर्मचारी कल्याण कोष खाता समेत (विविध कोष खाता) (ग-५-१)	६१४०८९७	६१४०८९७	०
धरौटी (ग-३-१)	२६३२४६८५।९५	२६३२४६८५।९५	०
बैङ्क	११०६०९३६२।६४	११०६०९३६२।६४	०
			०

३ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । जिम्मेवार पदाधिकारीले तोकिएको ढाँचामा बजेट तथा खर्चको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

४ **नीति तथा कार्यक्रम**

आ.व. २०८१।८२ को नीति तथा कार्यक्रमको नीति अन्तर्गत नगरभित्र कोही कपडाबिहिन नरहुन् भन्ने उद्देश्यका साथ प्रयोगमा नआएका कपडाहरूको संकलन गरी पुन: प्रयोग गर्न मिल्ने बनाई विपदबाट प्रभावित तथा अति विपन्न व्यक्तिहरूलाई उपलब्ध गराउने नीति लिइनेछ भनी उल्लेख भएकोमा कार्यान्वियनमा आएको पाइएन ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।९ मा रु. १ अर्ब ७ करोड २७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति

२०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र	बजेट (रु.)	खर्च (रु.)	खर्च प्रतिशत
१	आर्थिक विकास	५०६०११००.	४०३२५५१७.७८	४.५७
२	सामाजिक विकास	५०६४९१०४९.	४५२२३१४५३.७	५१.३०
३	पूर्वाधार विकास	३१०६५४५००.	२३०७३८८१५.२४	२६.१८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३७८६७०००.	२८७८१३४९.१६	३.२७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१६४१६५३५१.	१२९३८०३५७.२	१४.६८
जम्मा		१०६९७७९०००.	८८१४५७४९३.०८	१००

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको खर्च मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१.३० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ३.२७ प्रतिशत खर्च रहेको छ ।

८ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १५ वडाको लागि वडागत र पालिकास्तरका कुल २८३ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	७५	२	१३	६०
२.	वडास्तरीय	२०८	०	५१	१५७

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये २८१ योजना कार्यान्वयन भई २ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१०	**आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (३) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

११	**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरू देहायबमोजिम रहेका छन्:

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरी कार्यान्वयनमा ल्याएको छैन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रूपमा कार्यान्वयन गरेको छैन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क खडा गरेको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१२	**आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.१२ करोड ३६ लाख (दहत्तर बहत्तर समेत) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १० करोड ३७ लाख (दहत्तर बहत्तर समेत) अर्थात अनुमान भन्दा १६.१० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१३	**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५८३४२६	१०३७००	१७.७७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७.७७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगतमा बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा विगत वर्षमा समेत असुल नभएको भनी औँल्याएकोमा हालसम्म पनि असुल फछ्यौंट नभएकोले देवी मनोकामना वालुवा प्रशोधन उद्योगसँग रु.२१७४११३ मा सम्झौता भएको अधिक संकलन मौज्दात आय ठेक्का हालसम्म दाखिला भएको नदेखिदा सम्झौता बमोजिम निर्माण व्यवसायीबाट उक्त रकम असुल गर्नुपर्दछ ।

पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको ब्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

१५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान (रु.)**	**असुली (रु.)**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५००००००	१५८८२७०	३१.७६
घरजग्गा बहाल कर	२७०००००	३६०१९४४	१३३.४०
व्यवसाय कर	५३०००००	७४९५५७८	१४१.४२
बहाल बिरौटी शुल्क	१६५००००	१६२७३६३	९८.६२

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । आ.व. २०८०।८१ मा सम्पत्ति कर ३२,४७,४०४ असुल भएकोमा चालु आ.व. २०८१।८२ मा रु. ५० लाख असुल गर्न लक्ष्य राखेकोमा रु. १५,८८,२७० मात्र असुल भएकोमा अपेक्षित सम्पत्ति कर असुल भएको देखिएन । कार्यालयले गत वर्ष सम्म सांग्रिला सफ्टवेयर प्रयोग गर्दै आएकोमा आ.व. २०८१।०८२ मा सुत्रबाट असुली गर्दा फरक भएको उल्लेख गरेको छ ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

१६ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १५ वडाहरूले रु.५,२०,४७,३४१।८४ असुली देखाएकोमा उक्त रकम महिना

पश्चात मात्र भिडान गर्ने गरेकोले असुली रकम समयमै दाखिला गरे नगरेको सम्बन्धमा अनुगमन गरेको नदेखिदा नियमित अनुगमन गरी राजश्व अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१७ **कवाडी ठेक्का**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२३,१८३.५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१८ **विपद व्यवस्थापनको ठेक्का**

नगरपालिकाको अरुणखोला र गिरबारी खोलाका विभिन्न स्थानहरूमा विपद् व्यवस्थापन गर्न मिति २०८२।१।१४ को नगर कार्यपालिका बैठकको निर्णय र २०८२।१।३१ को जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार गिरुबारी र अरुणखोलाको विभिन्न संवेदनशील एवं विपद जोखिम क्षेत्रको खोला च्यानलाइज गरी विपद् व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम जोखिम क्षेत्रको च्यानलाइज गरी नदीजन्य पदार्थ संकलनको लागि २०८२।२।१९ मा सार्वजनिक सूचना प्रकाशन भए अनुसार गिरुबारी खोलाको २ खण्ड र अरुण खोलाको ३ खण्ड गरी ५ खण्डको लागि सूचना प्रकाशन भएकोमा अरूणखोला २ खण्डको गरी रु. ४२,७५,००० (भ्याट बाहेक) को ठेक्का सम्झौता भई असुल भएको तर बाँकी ३ खण्डको ठेक्का सम्झौता भएको नदेखिदा समयमै ठेक्का सम्झौता गरी चोरी निकासी नियन्त्रण गर्नुपर्दछ ।

१९ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष पूर्वाधार मर्मतसम्भार तर्फ रु. ४० लाख, कार्यालय संरचना मर्मततर्फ रु. २० लाख, सिँचाई मर्मत तर्फ रु. १५ लाख, खानेपानी मर्मत तर्फ रु. १५ लाख र जलउत्पन्न प्रकोपतर्फ रु.३५ लाख गरी जम्मा रु. १ करोड २५ लाख अवण्डा बजेट व्यवस्था गरी ६९ योजनामा रु. १ करोड २५ लाख खर्च गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

भौ.नं र मिति	योजनाको नाम	बजेट / खर्च
२०५।८०२।२।२	मिलन मार्ग वार्ड नं. ६ स्तरोन्नती	१५८८९८
४६५।०८२।३।२३	लाइब्रेरी पूर्वाधारको निर्माण	३३७९३३

२० **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मो सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३५ करोड ९० लाख ६८ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली, २०७७ बनाएको भएतापनि सो बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	३५९०६८	३६२००	८१७७३	५७८०५	१८३२९०	१०६८०३
प्रतिशत	१००	१०.०८	२२.७७	१६.२५	५१	२९.७४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगततर्फ वार्षिक रु.३५ करोड ९० लाख ६८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ३ करोड ६२ लाख (१०.०८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८ करोड १७ लाख ७३ हजार (२२.७७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड ७८ लाख ५ हजार (१६.२५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १८ करोड ३२ लाख ९० हजार (५१ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रु.१० करोड ६८ लाख ३ हजार (२९.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **खर्च विश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १० करोड ३७ लाख राजस्व बाँडफाँडबाट रु.१६ करोड ३६ लाख ३९ हजार र अनुदानबाट रु. ५८ करोड ७८ लाख ६९ हजार र अन्य राजस्व रु.३४ लाख ४४ हजार समेत रु. ८५ करोड ८६ लाख ५२ हजार आम्दानी भएकोमा चालुतर्फ रु. ५३ करोड ५३ लाख ८९ हजार र पुँजीगततर्फ रु.३५ करोड ९० लाख ६८ हजार समेत रु. ८९ करोड ४४ लाख ५७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.५९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६२.३५ प्रतिशत चालु र ४१.६५ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२३ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रु. ३५,९०,६८,०१५।- खर्च गरेकोमा रु.२२,३४,१८,०००।– अर्थात् ६२.२२ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. १६,८५,४२१।-,सोझै रु. १,४०,०३,९८६।- र उपभोक्ता समितिबाट रु.११,९९,५९,८८२।- को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२४ **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पुँजी सिर्जनाा नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने योजनाहरुलाई पुँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले भौचर नं र मिति १४/०८२।२।१२ बाट रत्न राज्यलक्ष्मी मा.वि. द्वारीलाई होस्टेल व्यवस्थापनका लागि पुँजीगत शीर्षकबाट रु.२००००० दिएको

देखियो । पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा भुक्तानी दिएको देखिदा यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२५ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले सो विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२६ हाटबजार ठेक्का

मिति २०८१।३।२४ को राजस्व परामर्श समितिको निर्णयानुसार चोरमारा बजार, आरुङ्गखोला बजार, इटौरा र हर्वस्टारमा लाग्ने हाटबजारको लागि हाट बजार ठेक्का र विज्ञापन करको लागि न्युनतम रकम राखी सूचना प्रकाशित गर्ने गरी निर्णय भएकोमा चोरमारा र आरुङ्गखोला बजारको हाट बजारको ठेक्का लागी रकम असूल भएको छ । तर इटौरा र हर्वस्टारमा हाटबजार ठेक्का लागेको देखिएन। त्यस्तै कुनैपनि बजारमा विज्ञापन कर बापत रकम असुल भएको नदेखिदा सोको कारण पहिचान गरी कर असुल गर्नुपर्दछ ।

२७ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ। यो वर्ष कार्यालयले गत वर्ष खरिद सम्झौता गरेकोमा २ सम्झौताको शत प्रतिशत भन्दा बढी म्याद थप गरेको देखियो। उल्लिखित नियमावलीको नियम १२०(६) मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा काबु बाहिरको परिस्थिति बाहेक पूर्वनिर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

२८ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यस पालिकाले यो वर्ष सडक बोर्ड, उपभोक्ताको जनसहभागिता, कर्मचारी कल्याण कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.८५,०९,४६४।९८ सहित रु.१,६५,५८,२८७।८१ आय र रु.८१,१८,५९८ खर्च गरी रु.८४,३९,६८९।८१ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियमानुसार लिलाम गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष मिति २०८२।५।१३ मा खर्च भएर नजाने जिन्सी सामानको जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावलीको व्यवस्था अनुसार सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी खर्च भएर जाने जिन्सी सामानको निरीक्षण नभएकोले मौज्दात एकीन गरी PAMS मार्फत अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

३० कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, ७२ वटा कार्यविधि मापदण्ड लगायत १२१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

३१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष १२६ वटा विवाद दर्ता भएकोमा १०६ वटा मात्र फस्र्यौट भई २० वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३२ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३५ वटा सहकारी संस्था रहेका छन् । पालिकाको अनुगमन प्रतिवेदन अनुसार पालिका भित्रका ९ वटा सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

३३ विविध खर्च

यो वर्ष विविध शीर्षकबाट रू.११ लाख ९० हजार विविधमा खर्च गरेको छ । यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जनाएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्न खर्चको मापदण्ड निर्माण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

३४ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २४ व्यक्ति तथा संघसंस्थाहरूलाई रु.२,८७,००० आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित पदपूर्ति रहेका २२८ मध्ये ९४ जना स्थायी र १३४ जना करार रहेको देखिन्छ भने ६५ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३६ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को दफा ७४ समेतमा सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष पालिकातर्फका ४५ तथा सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ४९ स्थायी कर्मचारीको रु. ३ करोड ३ लाख ९२ हजार पारिश्रमिक खर्च लेखेको छ तर सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएको छैन

। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३७ **आयोगको परामर्श**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३८ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. ७ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै कानुनी व्यवस्था भएको देखिएन । कानुनी व्यवस्था अनुसार कोषको कार्यान्वियन गर्नुपर्दछ ।

३९ **संघ संस्थाहरुका लागि खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहायका अनुत्पादक प्रयोजनमा खर्च गरेकोले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरणहरुः

भौ.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
४४१।१।२२	गौडाकोट जेसिस	कार्यक्रम सञ्चालन गर्ने	५००००
७७२।३।२४	संकृय संचार प्रा.लि,	वृतचित्र निर्माण	४९३२४५

४० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की मध्ये गत वर्ष सम्ममा रु. १,२०,६५,९२४।६७ र यस वर्ष रु. १९,०९,३७५।९५ समेत आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. १,३९,७५,३०१ बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १९,०९,३७५।९५ फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालुआ. व.		गत आ.व.सम्मको		जम्मा बाँकी पेश्की		
		म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
गिरुवारी करिडोर निर्माण मध्यविन्दु-०७ र ०८	नारायण रवि जे. भि.	०	०	०	१९७६५२४.	०	१९७६५२४.	१९७६५२४.
दमारखानेपानी आयोजना	सगरमाथा–विडारीजे.भि.	०	०	०	१६५२५४५.	०	१६५२५४५.	१६५२५४५.
दमारखानेपानी आयोजना	सगरमाथा–विडारी जे.भि.	०	०	०	१९८१८९.	०	१९८१८९.	१९८१८९.
फोहोरमैलाव्यवस्थापन केन्द्र निर तटबन्ध	सन्जय - नारायण - मामा जे भि	०	०	०	२३३४८१२.	०	२३३४८१२.	२३३४८१२.
सेतापानी देखि वडा कार्यालय जोड्ने सडक पुल मध्यविन्दु-१	न्यौपाने मल्टिप्रपोज प्रा.लि	०	१४९५४६.	०	०	०	१४९५४६.	१४९५४६.
विद्युत विस्तार	नेपाल बिद्धुत प्राधिकरण कावासोती शाखा	०	०	०	२१४२५०.६७	०	२१४२५०.६७	२१४२५०.६७
झ्याल्टुङ्ग डाँडा खानेपानी मध्यविन्दु-१०	नेपाल बिद्धुत प्राधिकरण कावासोती शाखा	०	०	०	२००००००.	०	२००००००.	२००००००.
विद्युत विस्तार	नेपाल बिद्धुत प्राधिकरण कावासोती शाखा	०	०	०	४४९१७१.	०	४४९१७१.	४४९१७१.
वडा नं. ६ का विभिन्न स्थानमा वोरिङ्गका लागि विद्युतिकरणको कार्य	नेपालबिद्धुत प्राधिकरण कावासोती शाखा	०	०	०	१००००००.	०	१००००००.	१००००००.
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण	०	०	०	१७७६४०३.	०	१७७६४०३.	१७७६४०३.

	कावासोती वितरण केन्द्र नवलपरासी							
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	०	०	३६४०३०.	०	३६४०३०.	३६४०३०.
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	०	०	१०००००.	०	१०००००.	१०००००.
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	२४६६०९.	०	०	०	२४६६०९.	२४६६०९.
विपद् व्यवस्थापन ४.१० वडागत कार्यक्रम खर्च	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	१६०७१९.	०	०	०	१६०७१९.	१६०७१९.
वडाको विभीन्न टोलका विधुत पोल सार्ने कार्य	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	११७४६३.९५	०	०	०	११७४६३.९५	११७४६३.९५
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	५१,६९३.००	०	०	०	५१,६९३.००	५१,६९३.००

विधुत पोल स्थानान्तरण योजना	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	१९१६०६.	०	०	०	१९१६०६.	१९१६०६.
वडाको विभीन्न टोलका विधुत पोल सार्ने कार्य	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	२३,७१७.००	०	०	०	२३,७१७.००	२३,७१७.००
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	३९७२९०.	०	०	०	३९७२९०.	३९७२९०.
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	२२१०८३.	०	०	०	२२१०८३.	२२१०८३.
विद्युत विस्तार	नेपाल विद्धुत प्राधिकरण कावासोती वितरण केन्द्र नवलपरासी	०	३४९६४९.	०	०	०	३४९६४९.	३४९६४९.
कुलजम्मा		०	१९०९३७६	०	१२०६५९२५	०	१३९७५३०१	१३९७५३०१

पेश्की	१९,०९,३७५.९५

४१ **अनुदानको अनुगमन मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाइएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष रु. ९३ लाख ४४ हजारको विभिन्न कृषि समूह तथा कृषकलाई कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामग्री तथा बिउ उपलब्ध गराएकोमा वितरित सामग्री तथा बिउ बिजन तोकिएको प्रयोजनमा सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ अनुदान वितरण गर्दा सकभर दर्ता भएको

कृषक समूहलाई दिई वितरित अनुदानको आवधिक रुपमा अनुगमन गरी मूल्याङ्कन गरी प्रतिवेदन तयार गरी बेवसाइट मार्फत सार्वजनिकीकरण गरिनुपर्दछ ।केही उदाहरणः

अनुदानको विवरण	कृषि समूह/फर्म	रकम
७५ प्रतिशत अनुदानमा स्पेयर टङ्की १६ लिटर समेत	ग्रिन भिलेज कृषक समूह	११४०००
७५ प्रतिशत अनुदानमा ७ एच पी मिनिट्रिलर	भि.टि कृषि तथा पशुपंक्षी फर्म	२७०००
६५ प्रतिशत अनुदानमा टमाटर लगायतको बीउ	इन्द्रेणी कृषक समूह	१५०६२६
६५ प्रतिशत खायन आलुको विउ	महाभारत कृषक समूह	३४८२१४
६५ प्रतिशत खायन आलुको विउ	नवज्योती कृषक समूह	१०३९८६
६५ प्रतिशत खायन आलुको विउ	नारायण कृषि तथा पशुपंक्षी फर्म	९९४३९
७५ प्रतिशत मकैको वीउ, मकै रोप्ने मेशिन	नारायणी कृषक समूह	३६४०२६
८५ प्रतिशत धान रोप्ने मेशिन	प्रकृति कृषि सहकारी संस्था लि	१४८५६१०
८५ प्रतिशत धान काट्ने मेशिन	मध्यविन्दु कृषि सहकारी संस्था लि	३१७९०००

४२ **परामर्श सेवा (डीपिआर)**

सार्वजनिक खरिद ऐन, ६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने साथै लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्नेमा पालिकाले परामर्शदाताबाट दररेट माग गरी स्वीकृत बजेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले लागत अनुमान यथार्थपरक भए नभएको विषयमा एकिन हुन सकिएन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरिनुपर्दछ।

क्र.स.	क परामर्शदाताको नाम	योजना	स्वीकृत रकम (रु.)	खर्च रकम (रु.)
१	नारायणी ट्रेडिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि.	वातावरणीय प्रभाव मूल्याङ्कन (गिरुवारी र अरुणखोला)	१४४२८००	१४४२८००
२	गौमुखी इन्जिनियरिङ सर्भिस प्रा.लि.	सडक गुरुयोजना अद्यावधिक	७९५०००	७९५०००
३	पेरेनियल इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.	प्रशौनी खानेपानी योजना	४९६४९९	४९६४९९
४	ए.आर.सि.एच इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.	कैलाश शिव मन्दिर	३१०५१७	३१०५१७
जम्मा			३०४४८१६	३०४४८१६

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।परामर्श सेवा खरिद तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले परामर्श सेवा खरिद गर्दा दक्ष जनशक्तिको अभाव भएको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन ।

४३ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४४ **उपभोक्ता समितिमार्फतको कार्य**

४४.१ कार्यालयको कार्य समेत उपभोक्ता समिति मार्फत गराएको: सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष गोश्वारा भौचर नं र मिति ४१७/२०८२।३।१९ बाट वडा नम्बर ३ कार्यालय परिसर कम्पाउण्ड वाल निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु. ७२८४४३ खर्च लेखेको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने कार्य उपभोक्ता समितिमार्फत गरेको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुनेगरी निर्माण कार्य गराएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,२८,४४३

४४.२ उपभोक्ता समितिमार्फत खरिद तथा जडान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार श्रममूलक प्रकृतिको काम र उपनियम १० बमोजिम उपभोक्ताले लिएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी प्रयोग गर्न नहुने उल्लेख छ । कार्यालयले निम्नानुसारको लागत अनुमान र कार्यसम्पन्न रकम कायम भई निर्माण व्यवसायीको बिल संलग्न भएकोमा उपभोक्ता समितिको सहभागिता कट्टा गरी रु. १००९४९७ भुक्तानी भएको छ । जटील प्रकृतिको कार्य भएको र सम्पूर्ण कार्य खरिद तथा जडान गरिने यस्तो प्रकृतिको कार्य उपभोक्ता समितिमार्फत गर्न नमिल्ने देखिएकोमा समेत उपभोक्ता समितिमार्फत सम्झौता गरी केवल फर्मको बिल मात्र संलग्न भएको र कार्य गराइएकोले कानुनको परिधिभित्र रहेर मात्र कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको रु.

गो.भौ.नं र मिति	योजनाको नाम	लागत अनुमान (रु.)	कार्य सम्पन्न रकम(रु.)	फर्मको नाम	फर्मको संलग्न बिजक रकम (रु.)	भुक्तानी रकम (रु.)
४२७/८२/३/२०	सडक बत्ति रानीटार तिनै टोल	५८९९७२	५८११६७	नवलपुर सिमेन्ट ब्लक उद्योग	२१८३१.६	५००९६२
				देव इलेक्ट्रिक एण्ड मेसिनरी वर्कस	५१३८६१.८०	
४२५/८२/३/२०	वडा नम्बर १५ मा सडक बती जडान	५९०९३९	५८९४७५.३५	नवलपुर सिमेन्ट ब्लक उद्योग	१७९९७७	५०८५३५
				देव इलेक्ट्रिक एण्ड मेसिनरी वर्क्स	३५५८६४.५८	
जम्मा						१००९४९७

अनियमित भएको	१०,०९,४९७

४५ **राजश्व बाँडफाँड**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२०,५८५,७७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.७४,९५,५७८।६५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। लेखापरीक्षणमा देहायका ४ वटा उद्योगहरूको परीक्षण गर्दा गत वर्षहरूको बक्यौता समेत कुल रु. २७,७५,०००।– असुल गर्न बाँकी रहेकोमा असुल भएको देखिएन । उक्त उद्योगहरूको सम्झौता रकम जरिवाना सहित असुल गरी आ.व. २०८१।८२ को व्यवसाय नविकरण बापतको रकम नियमानुसार असुल गर्नुपर्ने रु.

क्र.सं.	व्यवसायीको नाम	आ.व. ०८१।८२ को रकम (रु.)
१	मध्यविन्दु क्रसर उद्योग प्रा.लि.	२०००००
२	न्यु मनकामना मिलर प्रोडक्ट प्रा.लि.	२०००००
३	आरुङ्ग वालुवा प्रशोधन उद्योग	१०००००
४	नवलपुर इँटा उद्योग	२०००००
जम्मा		७०००००

असुल गर्नुपर्ने	७,००,०००

४७ **दहत्तर बहत्तर**

४७.१ मध्यविन्दु नगरपालिका अन्तर्गत बहाव क्षेत्र भएको गिरुबारी खोला र अरुण खोलाको विभिन्न खण्डबाट राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति र नगर कार्यपालिकाको मिति २०८१।११।१८ को निर्णय अनुसार नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३८ को ४(ज) अनुसार २०८२।१।१४ मा २ खोलाका १९ खण्डको दोस्रोपटक बोलपत्र आह्वान् भई २०८२।१।२८ मा सम्झौता भएकोमा देखिएका थप बेहोरा निम्नानुसार छन्-

खोलाको नाम	बोलपत्र भएको खण्ड	ठेक्का सम्झौता भएको खण्ड	सम्झौता रकम (भ्याट बाहेक)	प्राप्त रकम (रु.)
गिरुबारी खोला	९ खण्ड	५	३६६२३६३५	३६६२३६३५
अरुणखोला	१० खण्ड	५		
जम्मा	१९ खण्ड	१० खण्ड		

४७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३८(३) बमोजिम आन्तरिक आयको लागि ठेक्का बन्दोबस्त गर्दा सामान्यतया आर्थिक वर्ष सुरु हुनुभन्दा अगाडि नै ठेक्का सम्झौता गरिसक्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा मात्र ठेक्का आह्वान् गर्दा अधिकांश खण्डको ठेक्का सम्झौता नभएकोले समयमै सम्झौता गरी आय वृद्धि गर्न नगरपालिकाले पहल गर्नुपर्दछ ।

४७.३ अनुगमन: नगर कार्यपालिकाको मिति २०७९।२।७ को निर्णय अनुसार ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम नगर उपप्रमुख संयोजक रहेको १४ सदस्यीय नगर स्तरीय नदीजन्य पदार्थ अनुगमन कार्यदल गठन गरेकोमा उक्त समितिले नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएकोमा तोकिएको अधिकतम नापको मापदण्ड पालना नभएकोमा निर्देशन दिएको उल्लेख भएतापनि कस्तो प्रकारको निर्देशन दिएको हो सो उल्लेख नभएकोले स्पष्ट निर्देशन दिई कार्यान्वियन भएको अभिलेख राख्नुपर्दछ ।

४८ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) बमोजिम कार्यालयले कन्टिन्जेन्सीबाट पूर्वाधार, स्टेशनरी, कम्पाउण्ड, कम्प्युटर लगायतमा रु.५२,५५,२४८।- खर्च लेखेकोमा सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्दछ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालु खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षकतर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

४९ दूधमा अनुदान

दूध उत्पादन र बजारीकरणको आधारमा अनुदान कार्यविधि, २०७८ को दफा ९ मा सहकारीले अनुदान रकम सम्बन्धित कृषकको कुनै एक बैङ्क वा वित्तीय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न सहकारीलाई प्रति लिटर दूधमा रु.२ का दरले अनुदान रकम भुक्तानी गर्दा सम्बन्धित कृषकलाई बैङ्क माध्यमबाट अनुदान रकम वितरण भएको छ ।अनुदान वितरणको प्रभावकारिताको सम्बन्धमा प्रभाव मूल्याङ्कन गर्नुपर्दछ ।

भौचर नं.	भुक्तानी लिने सहकारी	कुल भुक्तानी रु.
६७-२०८२।३।१९	हरिनारायण कृषि तथा दुग्ध सहकारी	७१२५९२
	अमृत कृषि सहकारी	२५२६००
	पाँच पाण्डव दुग्ध उत्पादक	४२८४६७
	प्रकृति कृषि सहकारी	४१४५०२
	जन कल्याण दुग्ध सहकारी	१६७५६७
	फुलबारी कृषि सहकारी	६०९७३
	जम्मा	२०३६७००

५० **उपकरण खरिद**

(०८।०८२।३।२२) आ.व. २०८१।८२ का लागि संघीय सशर्ततर्फ विनियोजित रकमबाट मध्यविन्दु नगर अस्पतालका लागि आवश्यक मेडिकल औजार, उपकरण तथा सामग्रीका लागि मिति २०८२।३।५ मा नगरपालिका र Aarsa इन्टरप्राइजेज प्रा.लि. काठमाडौँ बीच बोलपत्रबाट मिति २०८२।३।२० सम्म कार्यसम्पन्न गर्ने गरी रु. ९३,५८,००० (भ्याट सहित) सम्झौता भएकोमा एक्सरे मेसिन, अटोम्लेम, कार्डिक मोनिटर, डेन्टल सेट लगायत ६ आइटमहरु प्राप्त भई उक्त रकम भुक्तानी गरेको छ । सम्झौताको सि.नं. ४ बमोजिम स्पेशिफिकेशन बमोजिम गुणस्तर रहेको भनी कार्यालयको निरीक्षण समितिले कार्य निरीक्षण प्रतिवेदन पेश गरेपछि भुक्तानी गर्नुपर्नेमा पालिकाबाट टेक्निकल Evaluation को लागि बायोमेट्रिक इन्जिनियर छनौट गरेकोमा स्वास्थ्य स्थितिको कारण निज उपस्थित हुन नसकी निजको मन्जुरीनामाबाट अर्को इन्जिनियरलाई अधिकार दिई टेक्निकल रिपोर्ट तयार पारी त्यसको आधारमा खरिद तथा जडान कार्य सम्पन्न भएकोले जवाफदेहिता सुनिश्चित गरी सामानको गुणस्तर सुनिश्चित गर्नुपर्दछ।

५१ **विविध खाता**

(७।०८२।।३०,९।०८२।३।२४,२४०।०८२।२।१२) सडक बोर्ड र न.पा. को ७०:३० साझेदारी रहने गरी कुसुण्डे कृषि सडक (चौपारी खण्ड) अरुणखोला भु.पु. चोकदेखि मध्यविन्दु १२ जाने सडक, भिर्खेटाँडी भित्री पुल सडक निर्माणको लागि ठे.नं. ०६।०८१। ८२ अन्तर्गत रु.७०,२१,७७३ मा २०८१।१२।१२ मा निर्माण व्यवसायी रीड्स इन्जिनियरिङ्ग कम्पनी प्रा. लि. सँग २०८२।३।३० सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा आ.व. २०८१।८२ मा पहिलो र दोस्रो बिल बापत सडक बोर्डको रु.१३,४२,०४१।– र न.पा. को रु.२५,२१,७७३।– गरी रु. ३८,६३,८१४।– भुक्तानी भएको छ । पिचको मुख्य काम नै नभइसकेको अवस्थामा निजको कार्य सम्पादनको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम म्याद थप गरी सडक बोर्डबाट समयमै सहमति लिई सम्झौता भन्दा बढी (न.पा. को ३० प्रतिशत भन्दा बढी) रु.१३,६५,६२८।८० नगरपालिकाको तर्फबाट भुक्तानी भएको रकम सडक बोर्डबाट फिर्ता लिई समयमै कार्यसम्पन्न गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,६५,६२८.८

५२ **सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन कार्यक्रम**

उक्त कार्यक्रमका लागि रु.१,९७,५०,०००।- बजेट विनियोजन भएकोमा सरसफाई कर्मचारीको तलब, बिमा, उपकरण खरिद, इन्धन, टोलविकास संस्था लगायतलाई प्रोत्साहन समेतमा चालु खर्च रु. १,०९,८५,४२२।९० र पुँजीगत तर्फ रु. ५३,५७,४८७।२४ समेत जम्मा रु. १,६३,४२,९१०।१४ खर्च भएको छ । फोहरमैला व्यवस्थापन ऐन, २०७९ को सि.नं. २६ अनुसार जैविक मल उत्पादन इकाई स्थापना गर्न सकिने व्यवस्था अनुसार पालिकाको वार्ड नं. ११ स्थित बाहुनी कुनामा स्थापित केन्द्रमा नकुहिने फोहरलाई पृथकीकरण गराई पुन: चक्रिय फोहरलाई कम्प्याक्टिङ्ग गरी बिक्री गर्ने व्यवस्था मिलाउदै आएको छ । प्राप्त विवरण अनुसार २०८१ कार्तिक देखि जैविक मल उत्पादन भएकोमा आ.व. २०८१।८२ मा ३२४५९ के.जी. उत्पादन मध्ये २८१६४ के.जी. बिक्री गरी

६,५७,६६८।- र सेवा शुल्क बापत १,०५,८८,२९० गरी रु. १,१२,४५,९५८ आम्दानी भएको छ । छलफलको क्रममा जडान भएको मेशिनबाट कच्चा पदार्थ भएमा १ लाख के.जी. सम्म जैविक मल उत्पादन गर्न सकिने भनी जानकारी दिएकोले क्षमता बमोजिम छिमेकी पालिकाहरूसँग समेत समन्वय गरी उत्पादन गरी थप राजश्व वृद्धि गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।

५३ **सितापुर अधुरो नाला निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने प्रावधान छ। त्यसैगरी नियम ७ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोगताको लागि खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्ने र सो गुरुयोजनामा खरिदको प्रकार परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि, अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्र्याइने वा प्याकेज बनाइने भए सोसम्बन्धी व्यवस्था, समग्र खरिद कारबाही पूरा गर्नको लागि गरिने सम्झौताहरुको मोटामोटी संख्या जस्ता कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले सितापुर अधुरो नाला निर्माण का लागि नियमावली बमोजिम नक्सा, डिजाइन, एकमुष्ट लागत तयार नगरी सालबसाली बजेट विनियोजन गरी बजेट बमोजिमकै लागत अनुमान तयार गरी निर्माण गराउंदै आएको देखिन्छ। पालिकाले यस वर्ष रु.५८९३२० को लागत अनुमान तयार गरी रु.४९३१८६ भुक्तानी गरी कार्य सम्पन्न गरेको छ। त्यसरी काम गराउँदा पुरानो नापी किताब समेतको नापी अद्यावधिक राखी लागत तयार गरेको छैन जसले एकै काममा दोहोरोपना हुन सक्ने जोखिम समेत रहेको छ। पालिकाले नियमावली बमोजिम एकमुष्ट लागत अनुमान तयार गरी निर्धारित खरिद विधि अवलम्वन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५४ **निर्माण स्थलको उपलब्धता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान तथा निर्माण कार्य गर्न नहुने व्यवस्था छ। पालिकाले अन्य संस्था जस्तै आमा समूह, एकता समाज तथा सामुदायिक भवन निर्माण गर्नुपर्दा समेत सो संरचना निर्माण गरिने जग्गाको स्वामित्व सम्बन्धित समूह वा संस्थाको नाममा रहे नरहेको यकिन गरिनुपर्दछ। सम्बन्धित संस्था वा समूहको नाममा सो जग्गाको स्वामित्व नरहेमा जुनसुकै सययमा सो संरचनाको निर्माण सम्बन्धमा प्रश्न उठ्न सक्ने तथा निर्माण बापत भुक्तानी भएको रकम समेत जोखिममा पर्न सक्ने हुन्छ। पालिकाले यस वर्ष देहायका आमा समूह, एकता समाज तथा सामुदायिक भवनको निर्माण गरेको तर सो निर्माण स्थलको जग्गाको स्वामित्व सम्बन्धित संस्थामा रहेको प्रमाण संलग्न गरेको देखिएन । कार्यालयले यसरी निर्माण कार्य गर्दा वा निर्माण कार्यको लागि अनुदान भुक्तानी गर्दा संरचना निर्माण गरिने स्थानको जग्गाको स्वामित्व यकिन गरी भुक्तानी गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

गो.भोरमिति	समूह /संस्थाको नाम	भुक्तानि रकम	प्रयोजन
१९७/८२/१/28	सुन्दरनगरी टोल विकास संस्था	११४९१६८	योग भवन ट्रस्ट
४६०/८२/३/२२	छाप्रदी टोल विकास संस्था	७५८५३५	सामुदायिक भवन

५५ **ईन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यिता ल्याई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि देहाय बमोजिमको शीर्षकमा रु.६३ लाख ५० हजार बजेट विनियोजन गरी रु. ५८ लाख ७३ हजार खर्च गरेकोमा ईन्धन खर्चको लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्ड बनाई एकीकृत अभिलेख राखेको देखिएन। कार्यालयका अन्य कर्मचारी तथा प्राविधिकका दुइ पाङ्ग्रे सवारीसाधन,कार्यालयका चार पाङ्ग्रे गाडी, ट्रिपर, व्याकू लोडर तथा एम्बुलेन्सलाई आवश्यकताका आधारमा ईन्धन प्रयोग गरेको पाइयो। यसरी ईन्धन प्रयोगको कार्यविधि बनाई PAMS को v2 बाट निकालिएको कुपनको प्रयोग गरी सवारी साधनको लगबुकको आधारमा खर्चमा मितव्ययिता ल्याउनेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

क्र.सं.	ईन्धन खर्च शिर्षक	विनियोजित बजेट	खर्च रकम
१	पदाधिकारी तर्फ	१००००००	८३२०००
२	कार्यालय प्रयोजन तर्फ	२८०००००	२५११०००
३	जे.सि.वि र ट्रिप्पर	१७०००००	१६८५०००
४	ढुवानी/सरसफाई	८५००००	८४६०००
जम्मा		६३५००००	५८७४०००

५६ **भ्रमण अभिलेख पुस्तिका**

भ्रमण अभिलेख प्रयोजनका लागि म.ले.प. फारम नं. ९०८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा भ्रमण आदेश नं, भ्रमण गर्ने कर्मचारीको नाम र पद, भ्रमणमा खटिएको स्थान, भ्रमणमा खटिएको मिति,भ्रमण प्रतिवेदनको संक्षिप्त बेहोरा आदि खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण खर्च शिर्षकबाट रु.१६ लाख ३२ हजार खर्च लेखेको छ । भ्रमण अभिलेख पुस्तिका अद्यावधिक नगरी विभिन्न कार्यक्रमहरुमा खटिने कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी भएको देखियो ।यसरी भ्रमण अभिलेख अद्यावधिक नहुँदा भ्रमणमा जाने कर्मचारीलाई दोहोरो भुक्तानी हुने सम्भावना हुने भएकाले पालिकाले म.ले.प. फारम नं. ९०८ भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमण आदेश जारी गरेको मितिअनुसार सिलसिलेवार रुपमा भ्रमण अभिलेख राख्नुपर्दछ।

५७ **नगर अस्पताल सञ्चालन**

पालिका अन्तर्गतका निकायको लेखापालन र प्रतिवेदन नेपाल सरकारले तोकेको लेखा प्रणाली अनुसार गरी लेखापरीक्षण गराउनुपर्दछ । पालिका अन्तर्गत मध्यविन्दु नगर अस्पताल सञ्चालनमा रहेको पाइयो । नगर अस्पतालको लागि पालिकाबाट यस वर्ष २ जना मेडिकल अधिकृतको पारिश्रमिक र अस्पताल सञ्चालन अनुदान शिर्षकबाट एकमुष्ट रु. १५०००००।०० समेत गरी जम्मा रु. २०२७१५० खर्च निकासा भएको बाहेक नगर अस्पतालको यो वर्षको आय ७१५२७२५१ र व्यय रु ७०६१४००८ को लेखापरीक्षण भएको छैन । नगर अस्पतालको कारोबारको लेखापालन सुत्र प्रणाली अन्तर्गत कार्यसञ्चालन कोष मार्फत हुनुपर्ने देखिन्छ ।

५८ **वितरणमुखी कार्य**

पालिकाले चालु खर्च मितव्ययी र पुँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरी खर्च गर्नुपर्दछ।लेखापरिक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो.भौ.नं. र मितिबाट वितरणमुखी कार्यमा खर्च गरेको देखियो। यसरी वितरणमुखी एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

गो.भौ. नं. मिति	वापत	भुक्तानी पाउने	रकम
७०३।३।२०	वाद्यवादन साम्रगी(मादल ११ थान, खैजरी १२ थान) तिवरण	ईभाना म्यूजिक स्टोर्स	१८००००
७४५।३।२२	वाद्यवादन साम्रगी(मादल १५ थान, खैजरी ४५ थान) तिवरण	ईभाना म्यूजिक स्टोर्स	१९७९१२
७५६।३।२३	देउसी भैलो पोसाक खरिद	आयाशं यूनिफर्म	३००००

५९ **खर्चको पुष्ट्याई**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० अन्तर्गत बुँदा नं. ६ मा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदानको रुपमा शिक्षण सिकाई सामग्री, ल्याब असिष्टेण्टको लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री

व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि भौ.नं. ३०९/मिति २०८२।३।१२ बाट प्रति विद्यार्थी रु. १५००० का दरले जनता मा.वि. मध्यविन्दु-१० लाई रु. ८२५००० अनुदान निकासा गरेकोमा खर्च पुष्टि हुने बिल भरपाई समेत पेस भएको नदेखिदा बिल भरपाई पेस हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८,२५,०००

६० **स्वयंसेवक शिक्षक**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुदा नं. ४.१ मा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरू, राहत अनुदानमा कार्यरत शिक्षकहरू, प्रारम्भिक बाल विकासका शिक्षकहरू, विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्तासमेत सशर्त अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तीको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने र नियम ९८(१) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्न नहुने व्यवस्था रहेको छ। यस स्थानीय तह अन्तर्गतका विद्यालयहरूमा दरबन्दी बेगरका करार स्वयंसेवक शिक्षक नियुक्त गरी पालिकाले तलब भत्ता समेतमा रु.२६९१६०० खर्च लेखेको छ। पालिकाले शिक्षकको दरबन्दी मिलान एवं दरबन्दी स्वीकृत गरेरमात्र तलब भत्ता निकासा दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

विवरण	निकासा रु.
१४ नं. वडामा निशुल्क शिक्षा कार्यक्रममा ५ विद्यालयमा ७ शिक्षक	९९९६००
शिक्षण सहयोग अनुदान (स्वयमसेवक शिक्षक)	१६९२०००
जम्मा	२६९१६००

यस सम्बन्धमा पालिकाले यस किसिमको अनुदानमा कटौती गर्दै गएको जनाएको छ ।

६१ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४६ सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	सामुदायिक विद्यालयहरू	३६०	३६०	१४३	१०३६४

शिक्षक दरबन्दी बमोजिम स्थायी पदपूर्ति गर्नुपर्दछ ।

६२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: पचास, पैँतालिस र चालीस हुनुपर्ने, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ मा शिक्षक दरबन्दी मिलान गर्दा हिम!ल, पहाड र तराईका लागि शिक्षक विद्यार्थी अनुपात क्रमश: चालिस, पैचालीस र पचासलाई स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचानको आधारको रूपमा लिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा ५ मा समेत विद्यालय समायोजन एवं

एकीकरणका आधारहरू रहेका छन् । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालयको नाम रठेगाना	कक्षा अनुसार विद्यार्थीकोसंख्या				जम्मा विद्यार्थी	जम्मा शिक्षक	शिक्षक विद्यार्थीअनुपात	नगर (स्वयम्सेवक शिक्षक)
		१-५	६-८	९-१०	११-१२				
१	नवजागरण मावि चोरमारा	२९४	३५७	३०२	३४०	१४५६	३२	१:४६	१
२	जनता मा विमँगलचौर	९४	१४३	२३४	२५१	७६९	२६	१:३०	
३	कुमारवर्तीमा वि कोल्हुवा	१२२	९०	७१	१०४	४५८	२०	१:२३	
४	ज्ञानोदयमा वि प्रसौनी	१०१	११७	८७	७५	४१७	१६	१:२६	
५	सरस्वतीमा, वि मैनाघाट	१७७	११६	८१	६१	४८८	१६	१:३१	
६	यादव मा, वि तमासपुर	९८	९१	५१	६८	३८५	१४	१:२८	
७	जनता मा विहर्दिया	८१	७०	५६	३६	२७१	१५	१:१८	
८	जनता मा विअरुणखोला टाँडी	२१६	१८१	१४३	१८९	८२०	२३	१:३६	
९	नेपाललोकसेवा मा वसन्तपुर	२६४	२४१	२०७	१२१	९४०	२२	१:४३	
१०	रत्नराज्यलक्ष्मीमा वि द्वारी	५५	४०	२४	०	१५१	१२	१:१३	२
११	विरेन्द्रमा वि द्धारदह	१२२	९६	८०	८२	४२३	१३	१:३३	
१२	जनतासिद्धअमर मा वि लुसलहरी	१३७	६५	३८	०	३१५	१४	१:२३	
१३	जनता मा विइटौरा	१०४	६८	४२	०	२७३	१४	१:२०	
१४	दुर्गाआ.वि. टाँडी	८८	७३	०	०	२०५	९	१:२३	
१५	विन्देश्वरीआ.वि. बाघखोर	७५	४०	०	०	१५६	७	१:२२	
१६	हरिहरमंदिरआ.वि. भिउरान	९५	३९	०	०	१८९	७	१:२७	
१७	सरस्वतीआ.वि. बेलहानी	१६२	५५	०	०	३४०	८	१:४३	
१८	लक्ष्मीआदर्श आ.वि. अम्रसा	६५	३९	०	०	१४३	७	१:२०	
१९	हुप्सेकोटआ.वि. भेडावारी	५७	१६	०	०	१०९	७	१:१६	२
२०	ज्ञानज्योतिआ.वि.रानीटार	४५	३३	०	०	१०१	५	१:२०	
२१	जनता आ.वि.क्षेत्रीटाँडी	५८	२२	०	०	९५	६	१:१६	
२२	नवज्योतिआ.वि.	६६	३७	०	०	१४८	८	१:१९	
२३	शान्तिआ.वि. सेतापानी	१३४	६०	०	०	२८५	१०	१:२९	
२४	पन्चपाण्डब प्रा वि मदनपुर	३०	०	०	०	४९	३	१:१६	
२५	लोहासेधाराप्रा वि लोहोसेधारा	५९	०	०	०	११४	३	१:३८	

२६	गौरीशंकरप्रा वि बसन्तपुर	९०	०	०	०	१३७	३	१:४६	
२७	चेतनशिलप्रा वि सिमरहनी	३५	०	०	०	६३	२	१:३२	
२८	सिद्धार्थप्रा वि कुसुन्डे	५८	०	०	०	८८	२	१:४४	
२९	शंकरगोसाईबाबा प्रा वि भडारा	६२	०	०	०	८५	२	१:४३	
३०	सरस्वतीदीप ज्योति प्रा वि	१६	०	०	०	३०	२	१:१५	
३१	जनकल्याणप्रा वि दमार	४८	०	०	०	८४	३	१:२८	
३२	जनज्योतीप्रा वि ज्वाईथर	३८	०	०	०	७५	२	१:३८	
३३	नारायणीप्रा वि तमासपुर	६७	०	०	०	१३१	३	१:४४	
३४	ज्ञानज्योतिप्रा वि चनौटे	१३	०	०	०	१७	२	१:९	
३५	बालकल्याणप्रा वि राईकोटे	१३	०	०	०	२३	२	१:१२	
३६	ब्रहम प्रावि ब्रहमस्थान	१५	०	०	०	२०	१	१:२०	
३७	लालीगुराँसप्रा वि	६४	०	०	०	९८	३	१:३३	
३८	सरस्वतीप्रा वि बतासा	३४	०	०	०	५८	२	१:२९	१
३९	दुर्गाप्रा वि रातामाता	२१	०	०	०	४७	२	१:२४	१
४०	लुम्बिनीप्रा वि चिसापानी	१८	०	०	०	३५	१	१:३५	
४१	बालसिद्दप्रा वि तल्लोभिउरान	२७	०	०	०	७३	३	१:२४	
४२	नारायणीप्रा.वि कोलकट्टा (१५)	५०	०	०	०	९४	३	१:३१	
४३	धुर्वताराप्रा वि भीट्टा	३६	०	०	०	४६	३	१:१५	
४४	बराहदेवीप्रा.वि.	१२	०	०	०	३०	१	१:३०	१
४५	गौरीशंकरप्रा.वि.डम्फघेरा	४	०	०	०	९	१	१:९	
४६	जनता सिद्धप्रा.वि सेहरी	२	०	०	०	२१	०	०	१
जम्मा						१०३६४	३६०	१:२९	९

उपर्युक्त विवरण अनुसार यस पालिकाका सामुदायिक विद्यालयहरूमा औषत शिक्षक विद्यार्थी अनुपात १:२९ रहेको देखिन्छ ।जसमा नवजागरण मा.वि. चोरमारामा सबैभन्दा बढी १:४६ रहेको देखिन्छ भने ज्ञानज्योति प्रा.वि. चनौटे र गौरीशंकर प्रा.वि. डम्फघेरामा सबैभन्दा कम १:९ शिक्षक विद्यार्थी अनुपात रहेको देखिन्छ ।

६३ हाम्रो खुसी

मध्यस्त दर्शनमा आधारित विद्यार्थीमा आफ्नो परिवार, समाज र प्रकृति सँग आपसी सम्बन्ध र अस्तित्व बोध गराई सोही अनुसारको आचारण विकास गराउने उद्देश्यले पहिलो पटक यस नगरपालिकामा लागु गरिएको हाम्रो खुसी पाठ्यक्रम औपचारिक रुपमा २०८१ भाद्र ८ देखि शुभारम्भ भएको छ । आ.व. २०८१।०८२ मा तालिम, अन्तरविद्यालय भ्रमण, सर्भे, क्षमता विकास लगायतका कार्यक्रममा

रु.२८,३७,११९ र खुसी शुक्रबारको लागि ४५ वटा विद्यालयलाई रु. ४ लाख निकासा दिएको समेत जम्मा रु.३२,३७,११९ खर्च भएको छ । हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०८० को दफा ७.२.३ अनुसूची १ र खुसी शुक्रबार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० को सि.नं. ६.१ बमोजिमको निकायबाट अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि अनुगमन रिपोर्ट पेश नभएकोले अनुगमन गरी त्यसको नतिजाको आधारमा परिमार्जन सहित कार्यान्वयनमा ल्याउनुपर्दछ ।

६४ **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम**

(११।०८२।३।८) प्रदेश र स्थानीय तहका आवधिक योजना बिचमा तादत्म्यता, अन्तरसम्बन्ध, समन्वय,साझेदारी, सहकार्य र सहलगानी अभिवृद्धि गर्न नविनतम ज्ञान, सीप, साँच र प्रविधिका माध्यमबाट रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र समावेशी सहभागिता सहित स्थानीय तहमा सुशासन प्रवर्द्धन र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम यो कार्यान्वयन कार्यविधि बनाएको हो । पालिकाले प्रदेश सकारबाट स्वीकृत रु. ५० लाख रकम मध्ये रु. ४८,०५,६३८।– कृषि सम्बन्धी कार्यक्रममा क्षमता विकास, बिक्रीजन्य निर्माण, बिउ तथा मल वितरण जस्ता कार्यक्रममा उक्त रकम खर्च गरेको छ । निर्देशिकाको अनुसूची १ अनुसार रैथाने बाली उत्पादन, भ्यालु एड, आहार व्यवस्थापन जस्ता कार्यक्रमलाई सम्भावित क्षेत्र तोकी निर्देशिकाको सि.नं. १९(क) मा यस कार्यक्रम बाट भौतिक पूर्वाधार संरचना निर्माण जस्तैः सडक,पुल, सिचाई, स्वागतद्वार, कार्यालय भवन लगायतमा पूर्वाधारका क्षेत्रमा खर्च गर्न नपाइने व्यवस्था छ । तर पालिकाले वार्ड नं. १० स्थित अरुण खोलामा कृषि उद्यमशिलता तथा जैविक खेती योजनाको स्थानीय बिक्री कक्ष निर्माणको लागि गाउँले कन्सट्रक्सन एण्ड सप्लायर्ससँग भ्याट सहित रु.९,२६,६१,६।७२ मा सम्झौता गरी रु. ९,२४,९११।– भुक्तानी दिई कार्यसम्पन्न गरेको छ । तर उद्वेश्य बमोजिम उक्त बिक्रीकक्ष प्रयोगमा नआएकोले सञ्चालन कार्यविधि तयार गरी उद्वेश्य बमोजिम प्रयोगमा ल्याउनुपर्ने रु.

प्रमाण पेश नगरेको	९,२४,९११

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ६७ जनालाई औसत १०७।५ दिनले ७२०३ दिन रोजगारी उपलब्ध गराई रु.४८,११,९०९ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६६ **नगर अस्पताल (संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम)**

(१३।०८१।९।९)सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम २१।०७८।०७९ अन्तर्गत मध्यविन्दु नगरपालिकामा १५ बेडको अस्पताल निर्माणका लागि ह्याविटाट।देवचुली जे.भी. सँग २०७९।७।१७ मा मिति ०८१।७।१९ भित्र सम्पन्न गर्ने गरी संघीय सशर्त अन्तर्गत रु.१७,५६,२८,१८७।१० (भ्याट सहित) मा सम्झौता भएकोमा नगर प्रमुखको मिति २०८१।८।११ को निर्णयले २०८२।८।१९ सम्म म्याद थप भएको छ । पेस भएको सातौ रनिङ्ग बिल अनुसार आ.व. २०८१।०८२ सम्म भ्याट समेत रु. ९,६०,७८,१३३।४१ भुक्तानी भएको छ । उक्त कार्यक्रममा CGAS मा विनियोजन भई खर्च हुँदै आएकोमा आ.व. २०७९।८० मा उक्त निर्माण सेवाको नाउँमा रु. २,०६,९५,७२८ पेश्की बाँकी रहेकोमा २०८०।८१ मा उक्त कार्यक्रमको लागि सुत्रमा बजेट विनियोजन हुँदा साबिकको पेश्की सुत्र प्रणालीमा नदेखिएकोले म्यानुअलबाट पेश्की फछर्यौट गरी सुत्र प्रणालीबाट भुक्तानी गर्दै आएकोले आ.व. २०८१।८२ को अन्त्यमा रु.१,२१,११,४०६।९० पेश्की बाँकी रहेको देखिन्छ । उक्त पेश्की सुत्र प्रणालीमा नदेखिएकोले सुत्रमा अभिलेख अद्यावधिक गरी तोकिएको समयमा निर्माण सम्पन्न गर्नुपर्दछ । निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको पालिकाले जनाएको छ ।

६७ **फोहरमैला व्यवस्थापन (संघीय सरकार विशेष अनुदान)**

(२४।०८१।१२।१५) मध्यविन्दु नगरपालिका अन्तर्गत आ.व. २०८०।८१ मा संघीय सरकार विशेष अनुदान तर्फ फोहरमैला व्यवस्थापन केन्द्र निर तटबन्ध निर्माणको लागि त्रिवर्षीय योजना स्वीकृत भई ठेक्का नं. ४।०८०।८१ बमोजिम भ्याट सहित रु.७,१९,३७,३०८।९५ मा संजय नारायण मामा जे.भी. सँग २०८२।९।२५ सम्म सम्पन्न गर्ने गरी मिति २०८०।९।२५ मा सम्झौता भएकोमा पेस भएको तेस्रो रनिङ्ग बिल अनुसार आ.व. २०८१।८२ सम्म भ्याट सहित रु.५,४०,९३,२६७।२० भुक्तानी भएकोमा उक्त खर्च बाहेक निर्माण व्यवसायीको नाउँमा रु.२३,३४,८१२।– पेश्की बाँकी रहेको विवरण पेस भएकोमा उक्त तटबन्धमा १०६७८.९ घ.मि. ग्याबिन लगाउने कार्य सम्झौता भएकोमध्ये ८३०७.७५ घ.मि. (७७ प्रतिशत) मात्रको कार्य भएकोले नियमानुसार कार्य सम्पन्न गर्नुपर्दछ ।

६८ **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम**

न्यौपाने मल्टीप्रपोज प्रा.लि. सँग ठेक्का नं. ०५।०८१।८२ अन्तर्गत सेतापानी देखि वार्ड नं. १ अफिस जोड्ने सडकको लागि रु.१,१८,५७,३८५।३१ मा भ्याट सहित मिति २०८२।१।३० भित्र सम्पन्न गर्ने गरी ०८१।९।३ मा सम्झौता भएकोमा २०८२।९।३० मिति सम्म म्याद थप भएको छ । चालु वर्ष उक्त कार्यक्रममा प्रदेश सरकार र नगरपालिकाको ५०:५० प्रतिशत सहभागिता रहने सम्झौता भएकोमा प्रदेश सरकारको तर्फबाट रु. ११,८५,५४६ सहभागिता रहने सम्झौता भएकोमा पेश्की समेत रु.५०,००,००० खर्च भएकोमा गाउँपालिका पुँजीगत तर्फबाट भौ.नं. ४८६ मिति २०८२।३।२४ बाट रु. १३,६०,८८६ मात्र भुक्तानी भएकोले समपुरक बापत नपुग रु. ३६,३९,११४ हिसाब मिलान गर्नुपर्दछ।

६९ **सुरक्षित नागरिक आवास**

आ.व. २०७८।७९ को सुरक्षित नागरिक आवास निर्माण (जस्तापाताले घर बनाउने वा छाना छाउने) कार्यक्रम अनुसार यस पालिका अन्तर्गत लाभग्राही छनौट भएकोमा उक्त कार्यक्रमको कार्यविधि २०७५ र सम्झौता पत्र अनुसार निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि दोस्रो तथा अन्तिम किस्ता बापत ४० प्रतिशत रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । आ.व. २०७९।८० मा कार्यसम्पन्न प्रतिवेदन बेगर रु.१०,७०,००० भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेस नभएको भनी लेखापरीक्षण प्रतिवेदनमा औँल्याएकोमा हालसम्म पनि (०८२।८३) कार्यसम्पन्न नगर्ने २० जना रहेको भनी पालिकाले जनाएकोले देहायबमोजिम प्रतिव्यक्ति ३० हजारको दरले लिएकोमा दोस्रो किस्ता माग गरेको देखिएन ।

क्र.सं.	नाम थर	रकम (रु.)
१	प्रेम कुमारी महतो	३००००
२	ज्ञानु कुमाल	३००००
३	तुल बहादुर कुमाल	३००००
४	यम बहादुर दमै	३००००
५	माया गुरुङ	३००००
६	यक बहादुर दरै	३००००
७	लिला कुमारी खाम्चा	३००००
८	तुलसी नेपाली	३००००
९	कृष्ण बहादुर कुमाल	३००००
१०	आइत राम विश्वकर्मा	३००००
११	बुद्धिमाया कामी	३००००
१२	लक्षिमा वि.क.	३००००
१३	यमकला श्रेष्ठ	३००००
१४	केश कुमारी दमै	३००००
१५	श्याम बहादुर कुमाल	३००००
१६	हिरा सि.वि.क.	३००००
१७	प्रेम बहादुर कुमाल	३००००
१८	कमला राकस	३००००
१९	बलिसरा राना	३००००
२०	गौरा सुनारनी	३००००
	जम्मा	६०००००

७० **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ताका लागि रु. २६१८९०४८७।६० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य बेहोराहरू निम्नानुसार छन् :

७०.१ सूचना प्रवाहः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानिय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए बमोजिम पालिकाले लाभग्राहीहरुको नाम नामेसी

वेबसाइटमा अद्यावधिक गरेपनि स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको पालना गर्नुपर्दछ।

७०.२ सार्वजनिक सुनुवाइः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा पारदर्शिता कायम गर्नुपर्दछ ।

७१ लघु उद्यम विकास (मेडपा) कार्यक्रम

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजस्व दाखिला गर्ने, त्यसरी बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउने र त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८२।२।५ देखि ३।५ सम्म सञ्चालन भएको एड्भान्स सिलाई कटाई तालिम सञ्चालन गर्दा रु.९३७९० को कपडा समेतका कच्चा पदार्थ खरिद गरेकोमा निर्देशिका बमोजिम तालिम पश्चात तयार भएका कपडाहरू तथा प्रयोग भएको सामग्रीहरूको अभिलेख राखेको नदेखिदा स्पष्ट अभिलेख राखी निर्देशिका बमोजिम उत्पादित वस्तु वा सामानको व्यवस्थापन गर्नुपर्दछ।

७२ औषधी उपचार खर्च

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ग मा लक्षित समूहमा परेका औषधी उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्रवाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा विपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका विपन्न रहेको प्रमाणपत्र प्राप्त लाभग्राहीलाई दफा ४ बमोजिम मासिक पाँच हजार रुपैयाँको दरले लाभग्राहीको खातामा औषधी उपचार बापत खर्च दिने व्यवस्था गरेको छ। यस पालिकाले चिकित्सकको सिफारिस तथा बिरामीको निवेदन समेतको आधारमा १४८ जना बिरामीहरूलाई मासिक रु.५००० का दरले सशर्त चालु गो.भौ.नं. २१/मिति २०८१।६।१८ समेतबाट जम्मा रु.११५३०००० उपलब्ध गराएको विवरण प्राप्त भएको छ । तर कार्यविधिमा तोकिएबमोजिम लाभग्राही व्यक्ति गरिब वा विपन्न भन्ने आधार पेस भएको छैन । यसबाट वास्तविक लाभग्राहीले उपचार बापत खर्च पाएको सम्बन्धमा विश्वस्त हुने आधार रहँदैन। कार्यविधि बमोजिम गरिब वा विपन्न लाभग्राहीले उपचार खर्च पाएको सुनिश्चितता गरी लाभग्राहीको सूची नविकरण तथा अद्यावधिक गर्ने र पारदर्शिताका लागि वेवसाइट समेतमा सार्वजनिक गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७३ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सशर्त तथा गा.पा. चालु बजेट उप शिर्षकबाट २ वटा फर्मसँग रु. २१ लाख (E-Bidding समेत) को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा

उल्लिखित सूचना पूर्ण रूपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ वटा बर्थिङ सेन्टरमा गत वर्ष ३० थान मौज्दात रहेकोमा यस वर्ष ४०० थान को रु.३५७००० मा खरिद गरेकोमा यस वर्ष १४१ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २८९ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्थानीय सरकार सञ्चालन ऐन, ७४ को दफा ६२क मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने र सो बमोजिम बिक्री बापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा प्रदेश भित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलनमा लिइने शुल्क तथा लगाइने जरिवाना समेत स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने र उक्त कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क बमोजिम प्राकृतिक स्रोतको आय तथा रोयल्टी बापत संकलन गरी स्थानीय सञ्चित कोषमा राखेको जनाएको छ । प्रदेश आर्थिक ऐन २०८१ को दफा ८ बमोजिम स्थानीय तहले दहत्तर बहत्तर समेतको संकलनमा लिएको शुल्कको सम्बन्धमा राजश्व बाँडफाँड गर्नुपर्ने रकम देहायअनुसार रहेको छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>संकलित रकम (रु.)</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम (रु.)</th><th>पठाउन बाँकी रकम (रु.)</th></tr>
<tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>५१४६४४३५</td><td>४०</td><td>०</td><td>२०५८५७७४</td></tr>
</table>
</td><td>०</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मध्यविन्दु नगरपालिका, नवलपुर , मध्यबिन्दु नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रमेश घर्ति	२०८०-६-२७	२०८१-८-१७
कार्यालय प्रमुख	Shishir Paudel	२०८१-८-१८	२०८२-०१-०७
कार्यालय प्रमुख	vipin kshetri	२०८२-०१-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	Suman Raj Regmi	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७००,०००	१,७३७,९४०	२३,७२४,४९७.३५	०	०	१,९०९,३७५.९५
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२८,०७१,८१३.३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२०,६०८,९५७.५५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					७,४६२,८५५.७५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४००७२९७३.१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५९४५४६१३७.५	चालु खर्च	५३५३८९४७७.८४
प्रदेश सरकारबाट अनुदान	२५९६१०००	पूँजीगत खर्च	३५९०६८०१५.२४
राजश्व बाँडफाँट	१४३०२९९१०.३	वित्तीय/अन्य व्यवस्था	३१८३७२८९२.५५
आन्तरिक आय	१२४६४०९२५.९		
अन्य आय	२९५१८८८०१.४७		
कुल आय	११८३३६६७७५.१७	कुल खर्च	१२१२८३०३८५.६३
बाँकी मौज्दात		११०६०९३६२.६४	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./आर्थिकसङ्केत	विवरण	चालु आ.व.को कारोबार (रु.)	गत आ.व.को कारोबार (रु.)
	राजस्व, अनुदान रअन्यप्राप्ति		
११०००	कर	१७,३८,८४,५७५.३२	१७,०२,१२,२३७.७५
१३०००	अनुदान	५८,७८,६९,१६८.९७	५१,८५,८८,९४०.८३
१४०००	अन्य राजस्व	९,६६,००,४८६.५०	४,०१,७६,८२१.८४
१५०००	विविध प्राप्ति	२,९८,२०९.००	०
क	**कुल जम्मा प्राप्ति**	८५,८६,५२,४३९.७९	७२,८९,७८,०००.४२
३	चालु	५३,५३,८९,४७७.८४	५०,९१,७०,९७४.८८
२१०००	पारिश्रमिक / सुविधा	१५,१९,७५,७८२.३९	११,६२,५७,१२३.२८
२२०००	मालसामान तथा सेवाको उपयोग	३७,४०,०१,७९५.४५	३९,१६,१६,३५१.६०
२५०००	सहायता (Subsidy)	५०,६४,८६७.००	०
२७०००	सामाजिकसुरक्षा	२९,४५,५३७.००	४,८१,०५०.००
२८०००	अन्यखर्च	१४,०१,४९६.००	८,१६,४५०.००
४	पूंजीगत	३५,९०,६८,०१५.२४	२४,२७,३१,८३२.००
३१११०	भवनतथासंरचना	७,२८,३०,९७३.००	२,१८,५५,२७०.००
३११२०	सवारी साधन, मेशिनरीऔजार, फर्निचर्स तथा फिक्चर्स	२,५३,०२,७५७.००	८४,७८,५०३.००
३११३०	अन्य पूँजी गत खर्च	२८,९०,९७४.००	११,९३,३३९.००
३११५०	सार्वजनिकनिर्माण	२५,५१,४७,८१२.२४	२१,१२,०४,७२०.००
३११६०	निर्मित सरचनाको सुधार खर्च	७,०७,२३८.००	०
३११७०	पूँजीगत सुधार खर्च	१९,८८,४६१.००	०
३१२२०	मौज्दात सामानहरु	१,९९,८००.००	०
ख)	**कुल जम्मा भुक्तानी**	८९,४४,५७,४९३.०८	७५,१९,०२,८०६.८८

ग)	**बचत /कमी (ग = क-ख)**	(३,५८,०५,०५३.२९)	(२,२९,२४,८०६.४६)	
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	६३,४१,४४२.८३	३१,७०,०४९.९८	
घ.१)	**कट्टीरकमभुक्तानी/दाखिलागर्नबाकी**			
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(२,९४,६३,६१०.४६)	(१,९७,५४,७५६.४८)	
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	१४,००,७२,९७३.१०	१५,९८,२७,७२९.५८	
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**			
ज)	**आ.व.अन्तकोबाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	११,०६,०९,३६२.६४	१४,००,७२,९७३.१०	

सुझाव

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ